स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक।

बागमती प्रदेश, नेपाल

पत्र संः २०८१/८२

चलानी नंः

**कृषि विकास कार्यक्रममा आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**दोश्रो पटक सूचना प्रकाशित मितिः २०८१/०६/०६ गते**

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि ईच्छुक मापदण्ड पुगेका कृषक/कृषक समूह/कृषि फर्म र कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १० औं दिन (२०८१/०६/१५ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

रञ्जुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | गड्यौला मल/भर्मिकम्पोष्ट उत्पादन प्रवर्द्धन कार्यक्रम | ७५ | कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारी |
| २. | मौरी सहित र बाहेकको घार वितरण | ५० | कृषक, कृषक समूह, कृषि फर्म र सहकारी |
| ३. | पावर स्प्रे, सिकेचर, कृषि चुना, प्रोटिन बेट र बोर्डो मिश्रण/पेष्ट वितरण कार्यक्रम | ५० | कृषक, कृषक समूह र कृषि फर्म |
| ४. | किवी खेती प्रवर्द्धन (टि-बार, जि.आई तार आदि) कार्यक्रम | ५० | कृषक समूह, कृषि फर्म र कृषि सहकारी |
| ५. | हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण | ५० | कृषक, कृषक समूह, फर्म र सहकारी |
| ६. | तोरीको तेल पेल्ने मेसिन वितरण कार्यक्रम | ५० | कृषि फर्म, कृषक समूह र कृषि सहकारी |

**आवश्यक कागजातहरुः**

- अनूसुची-३ बमोजिम कार्यक्रम मागको निवेदन,
- अनूसुची-४ बमोजिम प्रतिबद्धता पत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक।

बागमती प्रदेश, नेपाल

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संः २०८१/८२
चलानी नंः

- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि (समूह/सहकारीको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागि हुने कृषकहरु सबैको),
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

**थप जानकारीको लागिः** हेलम्बु गाउँपालिकाको वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखामा ९८६०१६८१२०, ९८६२२०७८७३ सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसूची-३ र ४ हेलम्बु गाउँपालिकाको वेबसाईट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

.............
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत